फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या:-२०८२/८३
च.नं.

मिति:-२०८२/०८/१७
ने.सं. ११४६ बुधबार, थिंल्लाथ्व १३

## अत्यन्त जरुरी सूचना !!!

सडक डिभिजन कार्यालय मकवानपुरको मिति २०८२/०८/०५ को सूचना अनुशार हेटौँडा बजार क्षेत्रको सडक विस्तारका लागि सबै तयारीहरु पूरा भै सकेको अवस्था छ । सरोकारवालाहरुको उत्साहजनक सहभागीतामा अघि बढेको यस अभियानमा सबै हेटौँडा बासीको सहयोग भै रहेको व्यहोरा हामीलाई जानकारी छ । विशेष गरी व्यवसायी महानुभावहरुले मिति २०८२/०८/२० अगाडी नै आफ्ना पसलहरु अन्यत्र सार्ने, भएका सामाग्रीलाई सेल लगायतका अफरबाट बेच्ने तथा सडक विस्तार कार्यमा सहयोग गरिरहेको अवस्था समेत देखिएको एवं व्यवसायीका ति सकारात्मक कियाकलाप लाई केही व्यक्तिहरुले धाक धम्की दीने, जवरजस्ती पसल बन्द गराउने एवं सार्वजनिक विकास निर्माणको यस कानुन सम्मत कार्यलाई अवरोध पुचाउने गतिविधि प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भै त्यस्तो किसिमको गतिविधि गर्ने ति व्यक्तिहरु प्रति पूर्ण सचेत रहेको व्यहोरा अवगत गराउँदै सडक डिभिजन कार्यालको यस अभियानमा कानुन विपरीत कार्य नगर्न नगराउन पुनः अनुरोध गरिन्छ । यदी कानुन बर्खिलाप कोही कसैले यस्ता गतिविधि गरेमा कडा कारबाही हुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

मिति: २०८२/०८/१७ गते, बुधबार

.................
प्रमुख जिल्ला अधिकारी